# पोखरा महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## न्यूरोड, कास्की
## गण्डकी प्रदेश, नेपाल

फोन नं.: ०६१-५७५६४०
Postal Code: 6X9P+4F Pokhara
ईमेलः info@pokharamun.gov.np
वेबसाइटः pokharamun.gov.np

पोखरा महानगरपालिका नगर कार्यपालिकाको कार्यालय न्यूरोड, कास्की गण्डकी प्रदेश, नेपाल

पत्र संख्या : २०८२/०८३
च.नं. : २५६४

मितिः २०८२/०८/१०

श्री वडा अध्यक्षज्यूहरु,
वडा नं १ देखि ३३ (सबै)
श्री कार्यपालिका सदस्यज्यूहरु (सबै),
पोखरा महानगरपालिका ।

**विषयः उपस्थिति सम्बन्धमा ।**

प्रस्तुत विषयमा पोखरा महानगरपालिकाका श्रीमान् नगर प्रमुखज्यूको निर्देशन अनुसार महानगर नगर कार्यपालिकाको ५७औं बैठक तपशिलको मिति, समय र स्थानमा बस्ने भएकोले यहाँको उपस्थितिका लागि निर्देशानुसार अनुरोध छ । साथै कार्यपालिका बैठकका कार्यसूची (एजेण्डा) यसै पत्रसाथ संलग्न गरी पठाइएको व्यहोरा समेत अनुरोध छ ।

**तपशिलः**

मितिः २०८२ मंसिर ११ गते (बिहीबार)
समयः बिहान ८:०० बजे
स्थानः पोखरा महानगरपालिका वडा नं. १५ को कार्यालय भवनको सभाहल ।

.................................
मुक्तिराम अर्याल
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

**सादर अवगतार्थः**

श्रीमान् नगर प्रमुखज्यू, पोखरा महानगरपालिका ।
श्रीमान् नगर उप-प्रमुखज्यू, पोखरा महानगरपालिका ।

## ५८औँ कार्यपालिका बैठकका कार्यसूची (एजेण्डा)

१. ५७ औँ कार्यपालिका बैठकको निर्णय सम्बन्धमा।

२. ६७औँ स्थापना दिवस तयारी सम्बन्धमा।

३. कार्यविधि स्वीकृति सम्बन्धमा:

क. अटिजम स्रोत कक्षा (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी कार्यविधि, २०८२।

ख. अस्पतालहरूमा निःशुल्क उपचार सेवा उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८२ स्वीकृत गर्ने सम्बन्धमा।

ग. घरनवशा परामर्श सेवा कार्यविधि, २०७५ खारेजी सम्बन्धमा।

घ. पोखरा महानगरपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७९ संशोधन सम्बन्धमा।

ङ. कर्मचारी सम्मान कार्यविधि, २०८२

च. नवरत्न सम्मान कार्यविधि, २०८२

४. पत्रकार सम्मेलन सम्बन्धमा।

५. महानगरका प्रमुख सडकहरूमा वर्कसप, कवाडी लगायतका व्यवसायहरू सञ्चालन गर्न रोक लगाउने।

६. पोखरा वडा नं १४ को सिँचाई कुलो निर्माण २०७९ मा सम्पन्न आयोजनाको भुक्तानी सम्बन्धमा २०८१/०९/१५ को प्र.प्र.अ.को संयोजकत्वमा गठित समितिको सिफारिस प्रतिवेदन तथा २०८२/०३/१७ को ४९औँ कार्यपालिकाको निर्णय नं २ को कार्यान्वयन सम्बन्धमा।

७. राजश्व सम्बन्धमा।

क. वडा नं. ०९ बाट सङ्कलन भएको राजश्व रकम भदौ २३ र २४ गतेको आन्दोलनमा जलेर नष्ट भएको रकम भुक्तानी दिने सम्बन्धमा।

ख. एस. एफ. एक्स प्रा.लि लाई वडा नं. २२ स्थित अनदुमा बिल बोर्डको निर्माण अनुमति प्रदान गर्ने सम्बन्धमा।

ग. वास्तविक राजश्व भन्दा बढी दाखिला भएको ३५ दिन कटि राजश्व रकम फिर्ताका लागि प्राप्त निवेदन सम्बन्धमा।

८. २०८२ भदौ २४ अगाडि खरिद भई आन्दोलन पछाडि बिल प्राप्त हुन आएका जिन्सी सामानको भुक्तानी सम्बन्धमा।

९. ठेक्का सम्झौताको म्याद थप सम्बन्धमा।

१०. विविध।

प्रमुख प्रशासकीय अधिकृत

पोखरा महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कास्की
नेपाल

मिति -२०८२/०८/११ स्थान - वडा कार्यालय १५ को वडा कार्यालय भवन

बैठक संख्या- ५७ समय- बिहान - ८ -०० बजे

पोखरा महानगरपालिकाका नगर प्रमुख श्री धनराज आचार्यज्यूको अध्यक्षतामा नगर कार्यापालिकाको बैठक तपशिल बमोजिमको उपस्थितिमा बस्यो । उपस्थिति-

| सि नं. | पद | पोखरा महानगरपालिका | नामथर | दस्तखत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | प्रमुख | श्री धनराज आचार्य | |
| २ | उपाध्यक्ष | उप-प्रमुख | श्री मञ्जुदेवी गुरुङ | |
| ३ | सचिब | प्रमुख प्रशासकीय अधिकृत | श्री मुक्तिराम अर्याल | |
| ४ | सदस्य | वडा अध्यक्ष वडा नं.-१ | श्री शाहरा प्रधान | |
| ५ | सदस्य | वडा अध्यक्ष वडा नं.-२ | श्री दिवशमान प्रधानाङ्ग | |
| ६ | सदस्य | वडा अध्यक्ष वडा नं.-३ | श्री प्रकाशमान उदास | |
| ७ | सदस्य | वडा अध्यक्ष वडा नं.-४ | श्री देवकृष्ण पराजुली | |
| ८ | सदस्य | वडा अध्यक्ष वडा नं.-५ | श्री विष्णु प्रसाद बराल | |
| ९ | सदस्य | वडा अध्यक्ष वडा नं.-६ | श्री विष्णु बहादुर भट्टराई | |
| १० | सदस्य | वडा अध्यक्ष वडा नं.-७ | श्री राममोहन आचार्य | |
| ११ | सदस्य | वडा अध्यक्ष वडा नं.-८ | श्री रुद्रनाथ बराल | |
| १२ | सदस्य | वडा अध्यक्ष वडा नं,-९ | श्री दिपेन्द्र मर्सानी | |
| १३ | सदस्य | वडा अध्यक्ष वडा नं.-१० | श्री राजेश गुरुङ | |
| १४ | सदस्य | वडा अध्यक्ष वडा नं.-११ | श्री प्रेम प्रसाद कर्मचार्य | |
| १५ | सदस्य | वडा अध्यक्ष वडा नं.-१२ | श्री सन्तोष बास्तोला | |
| १६ | सदस्य | वडा अध्यक्ष वडा नं.-१३ | श्री किरण बराल | |

| | | | | |
|---|---|---|---|---|
| १७ | सदस्य | वडा अध्यक्ष वडा नं.-१४ | श्री बोध बहादुर कार्की | |
| १८ | सदस्य | वडा अध्यक्ष वडा नं.-१५ | श्री तोरण बहादुर बानियाँ | |
| १९ | सदस्य | वडा अध्यक्ष वडा नं.-१६ | श्री अमृत शर्मा तिमिल्सीना | |
| २० | सदस्य | वडा अध्यक्ष वडा नं.-१७ | श्री राधिका कुमारी शाही | |
| २१ | सदस्य | वडा अध्यक्ष वडा नं.-१८ | श्री शिव प्रसाद तिमिल्सीना | |
| २२ | सदस्य | वडा अध्यक्ष वडा नं.-१९ | श्री पुष्पेन्द्र पाण्डे | |
| २३ | सदस्य | वडा अध्यक्ष वडा नं.-२० | श्री गंगा बहादुर खत्री | |
| २४ | सदस्य | वडा अध्यक्ष वडा नं.-२१ | श्री दिपक प्रसाद सुवेदी | |
| २५ | सदस्य | वडा अध्यक्ष वडा नं.-२२ | श्री हिमलाल बराल | |
| २६ | सदस्य | वडा अध्यक्ष वडा नं.-२३ | श्री रामकाजी गुरुङ | |
| २७ | सदस्य | वडा अध्यक्ष वडा नं.-२४ | श्री भरत बहादुर अधिकारी | |
| २८ | सदस्य | वडा अध्यक्ष वडा नं.-२५ | श्री मोतिलाल तिम्सीना | |
| २९ | सदस्य | वडा अध्यक्ष वडा नं.-२६ | श्री नरेन्द्र थापा (नरेन) | |
| ३० | सदस्य | वडा अध्यक्ष वडा नं.-२७ | श्री पूर्ण कुमार गुरुङ | |
| ३१ | सदस्य | वडा अध्यक्ष वडा नं.-२८ | श्री श्रीकृष्ण लामिछाने | |
| ३२ | सदस्य | वडा अध्यक्ष वडा नं.-२९ | श्री श्रीप्रसाद गुरुङ | |
| ३३ | सदस्य | वडा अध्यक्ष वडा नं.-३० | श्री दुर्गा प्रसाद सुवेदी | |
| ३४ | सदस्य | वडा अध्यक्ष वडा नं.-३१ | श्री ढकनाथ कडेल | |
| ३५ | सदस्य | वडा अध्यक्ष वडा नं.-३२ | श्री अक्कल बहादुर कार्की | |

| | | | | |
|---|---|---|---|---|
| ३६ | सदस्य | वडा अध्यक्ष वडा नं.-३३ | श्री रामचन्द्र अधिकारी | |
| ३७ | सदस्य | कार्यपालिका सदस्य | श्री दिपक घिमिरे | |
| ३८ | सदस्य | कार्यपालिका सदस्य | श्री हरिमाया विश्वकर्मा | |
| ३९ | सदस्य | कार्यपालिका सदस्य | श्री गोविन्द तुलाचन | |
| ४० | सदस्य | कार्यपालिका सदस्य | श्री मन्दिरा परियार | |
| ४१ | सदस्य | कार्यपालिका सदस्य | श्री धन कुमारी पोख्रेल | |
| ४२ | सदस्य | कार्यपालिका सदस्य | श्री निर्मल दियाली | |
| ४३ | सदस्य | कार्यपालिका सदस्य | श्री निर्मला पौडेल | |
| ४४ | सदस्य | कार्यपालिका सदस्य | श्री भिम कुमारी पुन गर्बुजा | |
| | | | | |

# पोखरा महानगरपालिका

न्युरोड, पोखरा

**५७औँ कार्यपालिका बैठक मिति २०८२/०८/११ गते**

**निर्णय नं १**

५६औँ कार्यपालिका बैठकको निर्णय कार्यान्वयन सम्बन्धमा छलफल गरियो।

**निर्णय नं २**

पोखरा महानगरपालिकाको मिति २०८२/०९/०२ मा ६७औँ स्थापना दिवस मनाउने सन्दर्भमा नगर प्रमुखज्यूको अध्यक्षतामा उपप्रमुखज्यू र सबै वडाध्यक्षहरु सहितको एक निर्देशक समिति गठन गर्ने र स्थापना दिवस कार्यक्रम सञ्चालन र व्यवस्थापनका लागि विभिन्न समितिहरु गठन गरी जिम्मेवारी दिने निर्णय गरियो। साथै मिति २०८२/०९/०२ मा ६७औँ स्थापना दिवसको औपचारिक कार्यक्रम पोखरा म.न.पा.-८ सभागृहमा सञ्चालन गर्ने गरी आवश्यक प्रकृया अंगाडि बढाउने निर्णय गरियो। ६७औँ स्थापना दिवसको अवसरमा शिक्षा गीत संगीत कला साहित्य विज्ञान प्रविधि समाजसेवा लगायत राष्ट्रिय जीवन एवं पोखरा र पोखरेली जनताको पहिचान तथा उन्नयनमा उल्लेखनीय योगदान पुर्याउनु हुने ९ जना व्यक्तित्वहरुलाई जनही रु २,०२,२०२।- का दरले पोखरेली नवरत्न सम्मान (पुरस्कार)बाट सम्मानित गर्ने र सम्मानित गरिने उपयुक्त व्यक्तित्व छनौट गर्न तपशिलको समिति गठन गर्ने निर्णय गरियोः

| | |
|---|---|
| १. श्री दुर्गा बरालः | संयोजक |
| २. श्री विश्व सिग्देलः | सदस्य |
| ३. श्री दिपेन्द्र श्रेष्ठः | सदस्य |
| ४. श्री निता ताम्राकारः | सदस्य |
| ५. श्री मुक्तिराम अर्याल, प्र.प्र.अः | सदस्य सचिव |

**निर्णय नं ३**

पोखरा महानगरपालिकाको विशेष नगरसभाले महानगरपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण (O&M) प्रतिवेदन स्वीकृत गरिसकेको र वर्तमानमा कार्यरत जनशक्तिको न्यूनताको कारण सेवा प्रवाह प्रभावित भईरहेको अवस्थामा सो दरबन्दी संरचना भित्र रहने गरी सरुवा सहमतिका लागि प्रमुख प्रशासकीय अधिकृत र नगर प्रमुखलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं ४**

Gen z को मिति २०८२/०५/२४ गतेको आन्दोलनको क्रममा पोखरा महानगरपालिका र अन्तर्गतका वडाहरुमा पुगेको सम्पूर्ण क्षतिको मूल्याङ्कनबाट वडा कार्यालयहरु पुन निर्माणका लागि लाग्ने लागत अनुमान रकम स्वीकृत गरी सो को लागि आवश्यक पर्ने बजेट रकम आ.व. २०८२/०८३ को बार्षिक विकास कार्यक्रमको अर्थ विविध भैपरी आउने पूँजीगत खर्च शिर्षकबाट रकमान्तर गर्न नगर प्रमुखज्यूसँग सिफारिस गर्नका लागि प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा तपशिल बमोजिम समिति गठन गर्ने निर्णय गरियोः

तपशिलः
श्री मुक्तिराम अर्याल, प्रमुख प्रशासकीय अधिकृतः संयोजक
श्री दिवशमान प्रधानाङ्ग, वडा अध्यक्ष, वडा नं २: सदस्य
श्री राधिका कुमारी शाही योगी, वडा अध्यक्ष, वडा नं १७: सदस्य
श्री जयराम पौडेल, उप सचिव(दशौँ): सदस्य
श्री बिमल रन्जन कार्की, सि.डि.ई: सदस्य
श्री सुरेन्द्र पाण्डे, सि.डि.ई: सदस्य

**निर्णय नं ५**

नेपाल सरकार अर्थ मन्त्रालयबाट भएको निर्णय कार्यान्वयनका सम्बन्धमा पोखरा महानगरपालिकाको मिति २०८२/०७/०२ को ५६औं कार्यपालिका बैठकबाट महानगरको आर्थिक बर्ष २०८२/०८३ को बार्षिक विकास कार्यक्रममा समावेश भएका योजना तथा कार्यक्रममा विनियोजित रकम मध्ये रु १० लाख भन्दा कम लागतका अत्यावश्यक आयोजना सम्झौता प्रकृया अगाडि बढाउने निर्णय भएकोमा अर्थ मन्त्रालयबाट भएको सो निर्णयका सम्बन्धमा सम्मानित अदालतमा मुद्धा विचराधिन अवस्थामा रहेकोले अदालतबाट अन्तिम किनारा लाग्दाका बखत सोही बमोजिम हुने गरी हाललाई बार्षिक विकास कार्यक्रममा समावेश भएका योजना तथा कार्यक्रममा विनियोजित रकम मध्ये रु ३० लाख सम्म लागतका अत्यावश्यक आयोजना उपभोक्ता समिति मार्फत र रु ३० लाख भन्दा बढीका आयोजनाहरु ठेक्का प्रकृया मार्फत कार्यान्वयन गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं ६**

पोखरा महानगरपालिकाको वडा नं १७ स्थित Contract No: 92/PMC/NCB/W/B/879-080 Construction of Ward Office Building, PMC-17 को योजना यस कार्यालय र Natural furnishing and Construction P.Ltd Kathmandu बीच मिति २०८०/०३/२८ मा रु. ५.३२,५४.५१३.२९ (पाँच करोड बत्तीस लाख चवन्न हजार पाँच सय तेह्र रुपैया उन्तिस पैसा मात्र) (भ्याट र PS सहित) मा सम्झौता भएकोमा निर्माण कार्यको क्रममा उक्त योजनामा नेटवोर्किङ, काठको ढोका सम्बन्धी, UPVC सम्बन्धी सामाग्री छुट भएको र अन्य केहि सामाग्रीहरुको परिमाण घट/बढ भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ खण्ड (ग) अनुसार खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थितिमा सम्झौताको कार्यान्वयनको क्रममा सृजना भएमा सोको कारण खुलाई भेरियसन स्वीकृत विभागीय प्रमुखले गर्न सकिने व्यवस्था भएको हुँदा डिजाइन अनुसार थपघट हुने अन्य परिमाण समेत रिभाइज ल.ई गरी आवश्यकता र प्राथमिकताका आधारमा प्रचलित कानूनको परिधि र प्रावधान अनुसार पूर्वाधार विकास महाशाखाबाट तयार गरी स्वीकृतिका लागि पेश भएको तपसिल बमोजिमको भेरियसन विवरण स्वीकृत गर्ने निर्णय गरियो ।

योजना को नामः Construction of Ward Office Building of Ward 17, PMC-17
ठेक्का नं. 92/PMC/NCB/W/B/079-080
निर्माण व्यवसायी: Natural furnishing and Construction P.Ltd Kathmandu
स्वीकृत ठेक्का अंकः रु.५.३२.५४.५१३.२९ (भ्याट र PS सहित)
भरियसन पछि हुने ठेक्का अंकः रु ४,४२,८२,२८७.२६ (भ्याट र PS सहित)
भेरियसन पछि हुने बढी/घटि ठेक्का अंकः (८९,७२,२२६ ०३ घटि (भ्याट र PS सहित)
भेरियसन पछि हुने बढी/घटि प्रतिशतः १४.९५ (घटि)

**निर्णय नं ७**

पोखरा महानगरपालिका र सि.टि कन्स्ट्रक्शन एण्ड हाउजिङ्ग प्रा.लि विच ठेक्का नं. १/०७८/०७९ अन्तर्गत पर्ने विजय खोला घाटको दहत्तर बहत्तर (नदिजन्य पदार्थ संकलन) को लागि मिति २०७८/०८/१६ मा भएको सम्झौता बमोजिम उक्त कम्पनीले मिति २०७९/०५/१९ मा कास्की जिल्ला अदालतमा दायरा गरेको करार सम्झौता बदर गरी दाखिला रकम एवं जमानत फिर्ता दिलाई क्षतिपुर्ति समेत दिलाई पाँऊ भन्ने मुद्दामा मिति २०८१/०२/१४ गते भएको निर्णय बमोजिम करार बदर गरी कम्पनिले दाखिला गरेको रकम रु. १४,९२,०००/- रसिद नं. ३८४७ (०७८/०७९) फिर्ता पाउने र बैंक ग्यारेण्टि रु ४४,७२,१००/- समेत तिर्न नपर्ने भनी निर्णय भएको तथा उच्च अदालत पोखरामा मिति २०८१/०६/०४ मा भएको पुनरावेदनको मिति २०८२/०४/१९ मा सुरु जिल्ला अदालतको निर्णय सदर गरेको हुँदा फैसला बमोजिम उक्त कम्पनीले दाखिला भएको रकम फिर्ता र बैंक ग्यारेण्टी फुकुवा गर्न सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं ८**

जिल्ला ट्राफिक प्रहरी कार्यालय, कास्कीको मिति २०८२/०६/२३ को पत्रबाट पोखरा उपत्यकामा सडक र सवारीलाई व्यवस्थित तुल्याउन आवश्यक पर्ने सडक संकेत तथा रोड फर्निचरहरु मिति २०८२/०५/२३ र २४ गते भएको आन्दोलनका क्रममा तोडफोड तथा आगजनी भई नष्ट भएकाले ट्राफिक व्यवस्थापनमा असहजता सिर्जना भएको भनी पोखरा उपत्यकामा सुरक्षित र व्यवस्थित रुपमा सडक र सवारी सञ्चालन गर्न सडक संकेत तथा रोड फर्निचरहरु उपलब्ध गराईदिन भएको अनुरोधका सम्बन्धमा जिल्ला ट्राफिक कार्यालयसँग छलफल र समन्वय गरी राय/प्रतिवेदन पेश गर्न महानगरपालिका यातायात व्यवस्थापन समितिलाई जिम्मेवारी दिइएकोमा पोखरा महानगर यातायात व्यवस्थापन समितिको मिति २०८२/०८/१० को पत्रबाट माग भएका सडक संकेत र रोड फर्निचर सम्बन्धी सामग्रीहरु आवश्यक देखिएको भनी सिफारिस प्राप्त भएको तर आ.व. २०८२/८३ को बार्षिक विकास कार्यक्रममा सो शिर्षकमा बजेट व्यवस्था नभएको हुँदा नगर सभाबाट अनुमोदन गर्ने गरी उपयुक्त शिर्षकबाट रकमान्तर गरी खरिद कार्य अगाडि बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं ९**

पोखरा महानगरपालिका भित्र आयोजना हुने मेला महोत्सव तथा विविध कार्यक्रममा निर्माण हुने रोड क्रस तथा स्वागत गेटको निर्माण गर्न अनुमति माग गर्ने संस्थाको संख्या बृद्धि हुदै गएकोले त्यस्ता संस्थाहरुलाई महानगरको अस्फाल्ट सडक बाहेकका अन्य सडकहरुमा तपशिल बमोजिमको अनुमति दस्तुर लिई शर्त सहित मेला, महोत्सव तथा अन्य विविध कार्यक्रममा कार्यक्रम अवधिसम्मका लागि रोड क्रस तथा स्वागत गेट निर्माण गर्न अनुमति दिने निर्णय गरियो ।

| सि.नं. | विवरण | दर | कै. |
|---|---|---|---|
| १ | क्रस गेट | १०,०००।०० | प्रतिगेट |
| २ | स्वागत गेट | २,०००।०० | |

**निर्णय नं १०**

श्रवणदृष्टि विहिन संघ, नेपालको च.न. १७, मिति २०८२/०८/०५ को पत्र बमोजिम पोखरा-१२ स्थित अमरसिंह माध्यमिक विद्यालयमा सञ्चालन भएको श्रोत कक्षाका सम्बन्धमा थप अध्ययनका लागि उक्त संघले सेन्स इन्टरनेशनल इन्डियालाई गरेको अनुरोध बमोजिम सोही संस्थाको सम्पूर्ण व्यवस्थापनमा भारतको अहमदावादमा मिति १५-१७ डिसेम्बर, २०२५ सम्म हुने राष्ट्रिय सम्मेलन कार्यक्रममा सहभागी हुन पोखरा महानगरपालिका शिक्षा महाशाखा प्रमुख श्री **हेम प्रसाद आचार्यलाई** मनोनयन गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं ११**

पोखरा महानगरपालिकाको स्वास्थ्य महाशाखाबाट सिफारिस भई आए बमोजिम आ.व. २०८२/०८३ को बार्षिक विकास कार्यक्रममा स्वास्थ्य महाशाखा अन्तर्गत विनियोजित बजेटबाट तपशिल बमोजिम रकमान्तर गर्ने निर्णय गरियो:

| साविक | | | | |
|---|---|---|---|---|
| क्र.स | योजना तथा कार्यक्रम | बजेट उपशिर्षक | विनियोजित रकम | खर्च केन्द्र |
| १ | अटिजम श्रोत कक्षामा फिजियोथेरापिष्ट | ८०४३९२०१३२१ | ७००००० | स्वास्थ्य महाशाखा |
| रकामान्तर पश्चात् कायम हुने | | | | |
| क्र.स. | योजना तथा कार्यक्रम | बजेट उपशिर्षक | विनियोजित रकम | खर्च केन्द्र |
| १ | अटिजम श्रोत कक्षामा फिजियोथेरापिष्ट | ८०४३९३०१३०३ | ७००००० | शिक्षा महाशाखा |

**निर्णय नं १२**

ICIMOD को आयोजनामा नयाँ दिल्ली भारतमा November 5-6 मा सञ्चालन भएको National Clean Air Programme (NCAP) - "Planning, Implementation and Monitoring" कार्यक्रममा महानगरपालिकाबाट सहभागी हुनुभएका पर्यटन तथा शहरी विकास महाशाखा प्रमुख ई. श्री बिमल रन्जन कार्की र वातावरण शाखा प्रमुख श्री बलराम पाठकको भ्रमण मनोनयन स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं १३**

वडा प्रहरी कार्यालय, बगर कास्कीको मिति २०८२/०७/२८ को पत्रबाट पोखरा महानगरपालिका वडा नं १,२,३,१६,१७,१८,१९,२०,२४ र २५ समेतको कार्यक्षेत्र रहेको सो कार्यालय मिति २०८२/०५/२४ को आन्दोलनको क्रममा कार्यालयको भवन/व्यारेक/मेश लगायत सवारी साधनहरु समेत तोडफोड तथा आगजनी भई क्षति भएकोमा कार्यालयको मुख्य भवन पुनः निर्माणका लागि आवश्यक सहयोग उपलब्ध गराउन भएको अनुरोध बमोजिम यस कार्यालयमा कार्यरत प्राविधिकबाट स्थलगत निरीक्षण गरी तयार भएको रु ९,७३,११६।- को लागत अनुमान बमोजिमको बजेट रकम आ.व. २०८२/८३ को बार्षिक विकास कार्यक्रममा बजेट व्यवस्था नभएको हुँदा नगर सभाबाट अनुमोदन गर्ने गरी बार्षिक विकास कार्यक्रम अन्तर्गत भैपरी आउने पूँजीगत खर्च शिर्षकबाट पूर्वाधार महाशाखाको भवन उपशिर्षकमा रु १० लाख रकमान्तर गरी खरिद कार्य अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं १४**

पोखरा महानगरपालिकाद्वारा सञ्चालित गण्डकी बहुप्राविधिक शिक्षालयको निर्देशक पदमा नियुक्तिका लागि बिभिन्न मितिमा भएको परिक्षामा उत्तीर्ण भई योग्यताक्रमानुसार पदपूर्ति समितिले सिफारिस गरी पठाएका उम्मेद्वार डा. श्री टेक नारायण पौडेललाई गण्डकी बहुप्राविधिक शिक्षालयको निर्देशक पदमा नियुक्ति गर्ने निर्णय गरियो । साथै महानगरपालिकाको महानगर खेलकुद विकास समितिको अध्यक्षमा श्री दिपक बहादुर गोदारको नियुक्ति अनुमोदन गर्ने र तपशिल बमोजिम महानगर खेलकुद विकास समिति गठन गर्ने निर्णय गरियो ।

तपशिलः

| क्र.स | नामथर | पद |
|---|---|---|
| १ | श्री दिपक बहादुर गोदार | अध्यक्ष |
| २ | श्री हेम प्रसाद आचार्य | सदस्य |
| ३ | श्री पुरुषोतम थापा | सदस्य |
| ४ | श्री प्रविन रानाभाट | सदस्य |
| ५ | श्री पोषण बहादुर थापा | सदस्य |
| ६ | श्री हरि जि.सी | सदस्य |
| ७ | श्री लक्ष्मण कुँवर | सदस्य |
| ८ | श्री प्रिती बराल | सदस्य |
| ९ | श्री भरत बाँनिया | सदस्य |
| १० | श्री राजाराम पौडेल | सदस्य |
| ११ | श्री सुरज अधिकारी | सदस्य सचिव |